प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक अस्पताल भद्रपुर
कोशी प्रदेश
भद्रपुर, झापा (नेपाल)

☎: ०२३- ५२३०२४

प.स.२०८२/८३
च.नं. ३९५

# सेवा करारमा दरखास्त आव्हान सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/१२**

यस प्रादेशिक अस्पताल भद्रपुरका लागी तपशिल बमोजिमको पदमा करार सेवामा जनशक्ति पदपुर्ती गर्नु पर्ने भएकाले न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (*मिति २०८२/०६/२६ सम्म*) दरखास्त पेश गर्न आव्हान गरिन्छ । दरखास्त आवेदन प्रशासन शाखा र कार्यालयको वेभसाइटमा समेत उपलब्ध हुनेछ ।

तपशिलः

| क्र.स. | विज्ञापन नम्बर | पद | तह/श्रेणी | सेवा/समुह/उपसमुह | माग पद संख्या | सेवाको किसिम | पाठ्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ५/२०८२-०८३ | स्टाफ नर्स | सहायकस्तर पाँचौ तह | स्वास्थ्य/नसिङ्ग/ ज.नसिङ्ग | ७ (सात) | कार्यक्रम करार | लोकसेवा आयोगले निर्धारण गरेको । | |
| २. | ६/२०८२-०८३ | अप्टिसियन | सहायकस्तर पाँचौ तह | विविध | १ (एक) | समिति करार | लोक सेवा आयोगले निर्धारण गरेको । | |
| ३. | ७/२०८२-०८३ | सुरक्षा गार्ड | श्रेणी विहिन | प्रशासन | ३ (तीन) | समिति करार | --- | |
| ४. | ८/२०८२-०८३ | स्वीपर | श्रेणी विहिन | प्रशासन | ३ (तीन) | समिति करार | --- | महिला – १ जना पुरुष – २ जना |

१. आवश्यक न्युनतम शैक्षिक योग्यताः

स्टाफ नर्स पदको हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उर्तीण गरेको हुनुपर्नेछ ।
अप्टिसियन पदको हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थोप्टिसियनमा प्रमाणपत्र तह उर्तीण गरेको हुनुपर्नेछ ।
कार्यालय सहयोगी र सुरक्षा गार्ड पदको हकमा सामान्य लेखपढ गर्न सक्ने हुनुपर्नेछ ।

२. उमेर हदः

सहायकस्तरको पद र सुरक्षा गार्ड पदको हकमा :- १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
स्वीपर पदको हकमा :- १८ बर्ष पुरा भई पुरुषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको ।

३. परीक्षाको किसिमः पछि प्रकाशन गरिनेछ ।
४. परीक्षा मितिः पछि प्रकाशन गरिनेछ ।
५. तलब तथा सुविधाः सम्झौतामा उल्लेख भए बमोजिम सेवा सुविधा उपलब्ध हुनेछ ।
६. दरखास्त दस्तुरः सहायक स्तर पदको हकमा रु. ७००/- र श्रेणी विहिन पदको हकमा रु. ५००/- लाग्नेछ ।

डा. संजय कुमार
मि. प्रमुख मेडिकल सुपरिटेण्डेन्ट

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक अस्पताल भद्रपुर
कोशी प्रदेश
भद्रपुर, झापा (नेपाल)

☎: ०२३- ५२३०२४

७. दरखास्त साथ पेश गर्नु पर्ने कागजातः

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ थान
ख) न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि - १/१ थान
ग) अनुभव भए नियुक्ति पत्रको प्रतिलिपि - १ थान
घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो - ३ थान
ङ) दस्तुर बुझाएको बैंक भौचरको सक्कल प्रति - १ थान
च) सम्बन्धित काउन्सिलमा नाम दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि - १ थान
पेश गरिने कागजात उम्मेदवार स्वयमले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ ।

८. दस्तुर बुझाउने स्थानः राष्ट्रिय वाणीज्य बैंकको खाता नम्बर-१०००१००२०००१००००, कार्यालयको नाम- प्रादेशिक अस्पताल भद्रपुर, राजश्व शिर्षक नं-१४२२९ (अन्य प्रशासनिक दस्तुर), कार्यालय कोड : ३७००२१२०११

९. दरखास्त बुझाउने स्थानः प्रादेशिक अस्पताल भद्रपुरको प्रशासन शाखामा कार्यालय समय भित्र आवेदन पेश गर्न सकिनेछ ।

१०. कार्यालयले तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको, अदालतबाट कसुरदार नठहरिएको र प्रचलित कानूनले अयोग्य नठहराएको वा अन्य कुनै प्रकारले योग्य नभएको उम्मेदवारको दरखास्त स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन् । तोकिएको न्यूनतम शैक्षिक योग्यता नपुगी दस्तुर बुझाएमा दस्तुर फिर्ता नहुने भएकाले कागजात पुगे नपुगेको यकिन गरि आवेदन पेश गर्नु हुन अनुरोध छ ।

११. बिदेशी शैक्षिक योग्यता प्रमाण पत्रको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

१२. स्थानियतालाई प्राथमिकता दिइने हुदाँ स्थानियता प्रमाणित हुने कागजात समेत पेश गर्नु पर्नेछ तथा लक्षित समुदायले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित सिफारिस पेश गर्नु पर्नेछ ।

१३. आवश्यक परेमा संक्षिप्त सुची प्रकाशन गरि छनौट भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सहभागी गराइनेछ ।

१४. सुरक्षा गार्ड पदको हकमा सुरक्षा निकायमा कार्यरत रहि अनुभव प्राप्त उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

१५. दरखास्त बुझाउने अन्तिम मिति सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिन दरखास्त दिन सकिनेछ ।

थप जानकारीको लागी यस अस्पतालको वेभसाइट, सूचना पाटीमा हेर्नु वा कार्यालय समयमा प्रशासन शाखा (०२३-५२३०२४) मा सम्पर्क गर्न सक्नु हुनेछ ।

बोधार्थः
श्री सुचना प्रविधि शाखा - website मा सूचना Upload गरि दिनु हुन ।

डा. संजय कुमार
मि. प्रमुख मेडिकल सुपरिटेण्डेन्ट